annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २५५ पृष्ठ ८ | काठमाडौं, आइतबार ६ माघ २०८१ | मार्ग कृष्णपक्ष षष्ठी, नेपाल संवत् ११४५ | SUNDAY, JANUARY 19, 2025 काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

संविधानमा संघीयता, व्यवहारमा उस्तै अवस्था



मुलुकमा संविधान भए पनि कार्यान्वयन पक्ष कमजोर छ। तीन तहका सरकार छन्। तर, तल्लो तहमा संघीय सरकारले अधिकार दिनै मान्दैनन्। प्रदेश, प्रदेशजस्तो भएकै छैन। प्रदेशले विकासका स्थानीय विशेषताहरू पहिचान गरेकै छैन। संघको आदेशपालक संरचनाजस्तो मात्रै छ प्रदेश। स्थानीय तहमा कार्यसम्पादनका लागि आफ्नो अधिकार प्रयोग गर्न संघीय सरकारसँग भिड्नुपर्ने अवस्था छ। संघीय सरकारले प्रदेश र स्थानीय तहलाई स्रोत साधनमा कमजोर, अधिकारविहीन बनाउँदा यहाँका नागरिकहरूले संघीयताको लाभ लिन पाएनन्। जसले गर्दा व्यवस्था त फेरियो, अवस्था जस्ताको त्यस्तै रह्यो। जनताले संघीय व्यवस्थाप्रति नै प्रश्न उठाउने अवस्था आएको छ।

समाचार पृष्ठ २

बिस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*
– को रिपोर्ट

७३७ कैदीलाई रिहा गर्ने इजरायलको घोषणा

जेरुसेलम (एजेन्सी) : इजरायलको न्याय मन्त्रालयले शनिबार स्वीकृत गाजा युद्धविराम र बन्धक मुक्त गर्ने सम्झौताको पहिलो चरणअन्तर्गत ७३७ कैदी बन्दीलाई रिहा गरिने जनाएको छ। इजरायलले आफ्नो वेबसाइटमा जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'सरकारले हाल कारागार सेवाको हिरासतमा रहेका ७३७ कैदी तथा बन्दीलाई रिहा गर्न स्वीकृति दिएको छ।'

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको कार्यालयले शनिबार बिहानै युद्धविराम सम्झौतालाई अनुमोदन गर्न इजरायलको क्याबिनेटले मतदान गरेको र यो सप्ताहन्तमा युद्धविराम लागू हुने वा नहुने भन्ने अनिश्चितता अन्त्य भएको जनाएको छ।

यसअघि मन्त्रालयले गाजामा रहेका इजरायली बन्दीको बदलामा रिहा हुने ९५ जना प्यालेस्टिनी कैदीको सूची प्रकाशित गरेको थियो। विस्तारित सूचीमा प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासको फताह पार्टीका सशस्त्र शाखाका प्रमुख जकारिया जुबेदी पनि थिए।

विपद्मा यस्तो हुनू, लक्ष्मणजस्तो

दिनेश गौतम | *पनौती (काभ्रे)*

आकाशबाट अविरल वर्षा भइरहेको थियो। वरपरका डाँडापाखाबाट पहिरो गइरहेको थियो। विपद्को परवाह नगरी काभ्रेपलाञ्चोक, पनौती-११ बल्थलीस्थित थुम्की रिसोर्टमा पुगे, युवा व्यवसायी लक्ष्मण न्यौपाने।

असोज १० गतेदेखिको निरन्तर वर्षाले वरिपरिको बस्ती नै बगाउला झैं गरी सलाङ्दु खोला उर्लिएको थियो। वारिपारि डाँडामा पहिरो जाने क्रम सुरु भइसकेको थियो। गइरहेको थियो। 'चारैतिरका डाँडाबाट पहिरो खसेको आवाज आउँथ्यो। कता भाग्ने, कहाँ जाने अन्योल थियो। सबै आत्तिएको अवस्था थियो,' असोज ११ गतेको त्रासदी चित्रण गर्दै न्यौपानेले भने, 'मध्यरातमा कहाँ जानु ? जाने पनि कहाँ ? बत्ती छैन। कसै कसैको हातमा टर्चलाइट थियो। पारिपट्टि जंगलमा मान्छेहरू रोइरहेको खबर आएको थियो। जहाँ गयो, त्यहीँ पहिरो गइरहेको थियो।' बाढीपहिरोबाट पनौतीलगायतका विभिन्न क्षेत्रमा एक दर्जनभन्दा बढीको ज्यान गइसकेको थियो। अधिकांश क्षेत्रमा विद्युत् र सञ्चार सेवा अवरुद्ध थियो। न्यौपानेले स्मरण गरे, 'मेरो जीवनको कहालीलाग्दो घटना थियो। जुन घटनाबाट धेरै ठूलो शिक्षा पाइयो।'

साँझ पर्दै जाँदा सलाङ्दु खोला झन्-झन् बढ्दै गयो। छिमेकीका घर भत्किरहेका थिए। कतै व्यक्ति त कतै चौपायाहरू पुरिने क्रम जारी थियो। 'भागेर जाउँ, कुन ठाउँ जाउँ। मान्छे नमर्ने सहर छैन भन्ने बोलको गीतको जस्तो अवस्था थियो,' उनले भने, 'त्यो कहालीलाग्दो अवस्थाले पिरोल्यो। बस्ती त सखाप हुने भई नै हाल्यो, मान्छेलाई कसरी बचाउने ? भन्ने चिन्ता थपियो।' सुरक्षाकर्मीसँग फोन सम्पर्क भइरहेको थियो। तर, स्थलगत आउन सक्ने अवस्था थिएन। त्यो भयावह अवस्थामा उनी कान्छो भाइ जगन्नाथलाई लिएर टोलतिर पसे। युवाहरूलाई एकजुट बनाए। छिमेकीका घर खोज्दै उद्धारमा लागे। प्रयत्न गर्दागर्दै पनि छिमेकी अर्जुन भण्डारी, मैयाँ भण्डारी, निर्मल सापकोटा र सीता सापकोटालाई बचाउन नसक्दा उनलाई अहिले पनि मन दुख्छ।

'हामी माथिबाट उद्धार गर्न जाँदै थियौं। उहाँहरूको घर तल थियो। रातिको १ बज्दै थियो। हाम्रो कुनै उपाय नै लागेन। पहिरोले घरसहित बगायो,' उनले भने, 'पुरिएका व्यक्तिको उद्धार गर्न लाग्यौं। शव व्यवस्थापन गर्न थाल्यौं।'

यो कार्यका लागि उनले अगुवाइ गरे। भाइ जगन्नाथसहित भतिजाहरू सन्दीप, मन्दीप, प्रज्ज्वल, शंकर, सुशील, भोला, दामोदर, माधवलगायतका युवाहरूले साथ दिए। ज्युँदाको जन्ती र मर्दाको मलामी बन्दै छिमेकीहरूलाई सघाए। सरकारी संयन्त्रसँग समन्वय गर्नेदेखि शवको अन्तिम संस्कारमा समेत उनी सामेल भए।

» बाँकी पृष्ठ ६

ग्लोबल व्यवसाय टेवा कर्जा
व्यवसाय सुरु तथा विस्तार गर्नको लागि
आकर्षक ब्याजदर
३ कार्यदिन भित्र निर्णय
- परियोजना कर्जा
- अल्पकालीन/क्यास क्रेडिट कर्जा
- चालू पूँजी कर्जा
- स्थिर पूँजी कर्जा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np